香港中文大學 雅禮中國語文研習所

**येल-चिन चिनियाँ भाषा केन्द्र**

**हंग कंग को चिनियाँ विश्वविद्यालय**

# गैर-चिनियाँ भाषीहरुका लागि चिनियाँ (क्यान्टोनिज) को आधारभूत प्रमाणपत्र कार्यक्रम

(प्राथमिक। र॥ / मध्ययम। र॥)

*योग्यता पञ्जीका दर्ता नम्बर: 19/001311/L2 क्युएफ स्तर = 2*

*भाषा कोष द्वारा वित पोषित र SCOLAR द्वारा समर्थित एक परियोजना*

प्राथमिक शिक्षार्थीहरुको लागि चिनियाँ (**क्यान्टोनिज**) सुन्न र बोल्न सिक्न

80-घण्टे कार्यक्रम, पाठ्यक्रम शुल्क HK$1700 प्रतिपूर्तिको साथ HK$2000

यूनिभर्सिटि **MTR** स्टेशन देखि कक्षा कोठा सम्म 5 मिनेटको पैदल दुरी

## आवेदकको योग्यता

आवेदक गैर-चिनियाँ भाषी हङकङ निवासी, कक्षा 11 वा सो सो भन्दा माथिको शिक्षा पूरा गरेको हुनुपर्दछ, र हाल कुनै पनि पूर्ण-कालिन कार्यक्रममा अध्ययन नगरिरहेको हुनुपर्दछ।

## प्रतिपूर्तिको योग्यता

विद्यार्थीहरूले पाठ्यक्रम शुल्कको 85% को अनुदान प्राप्त गर्नेछन् यदि उनीहरुसँग छ भने:

- अध्ययन शुरु हुनु अघि आवेदन प्रक्रिया पुरा भएको र SCOLAR कार्यक्रमको स्वीकृति पुष्टिकरण प्राप्त गरेको;
- तोकिएको **CP2101** र **CP2102** मोड्युलहरु, वा **CP2103** र **CP2104** मोड्युलहरु पूरा गरेको;
- 'पास' ग्रेड प्राप्त गरेको **वा** प्रत्येक अध्ययन मोड्युलहरुमा कम्तिमा 80% उपस्थिति भएको

## कसरी निवेदन दिने ?

- आवेदकहरूले आवेदन नोटहरू ध्यानपूर्वक पढ्नुपर्छ र हस्ताक्षर गर्नुपर्छ।
- SCOLAR द्वारा वित्त पोषित आधारभूत प्रमाणपत्र कार्यक्रमको लागि विशेष अनलाइन आवेदन फारम पूर्ण रुपमा भर्नुहोस् । हंगकंग भिसा / स्थायी हंगकंग परिचय पत्र र शिक्षा प्रमाण सहितका कागजपत्रहरु पूर्ण रुपमा पेश भए पछि मात्र कार्यक्रमको प्रक्रियागत गरिनेछ।

- कार्यक्रमको सन्तोषजनक समापन पछि विद्यार्थीलाई अनुदान प्रतिपूर्ति गरिनेछ । 2021-23 को लागि यो कार्यक्रम शुल्क HK$2000 हो । कार्यक्रम पूरा भएपछि SCOLAR अनुदान प्रतिपूर्तीः HK$ 1700 । विद्यार्थीले तिर्ने कुल रकम: HK$300 ।

अध्ययन कार्यक्रम

## गैर-चिनियाँ भाषीहरुका लागि चिनियाँ (क्यान्टोनिज) को आधारभूत प्रमाणपत्र कार्यक्रम

## 對外漢語(粵語)基礎證書課程

*योग्यता पन्जीका दर्ता नम्बर: 19/001311/L2 क्युएफ स्तर = 2*

**कार्यक्रम विवरण:**

यो कार्यक्रम क्यान्टोनिज सिकारुहरूको लागि हो जो गैर चिनियाँ भाषीहरु हुन्। यसले उपयोगी शब्दावली वस्तुहरु, दैनिक अभिव्यक्तिहरु र विभिन्न प्रकारका ढाँचाहरुमा आधारित प्रवीणता-उन्मुख गतिविधिहरुका साथ, मौखिक सीपहरु र सुन्ने बोधतामा केन्द्रित गर्दछ। परम्परागत चिनियाँ वर्णहरु र अंग्रेजी पाठको साथ क्यान्टोनिज ध्वनिहरु र स्वरहरु रोमानिकरणमा सिकाइनेछ। विद्यार्थीहरूले अर्थपूर्ण प्रगति गर्नको लागि सामान्यतया हप्ताको कम्तिमा 4 घण्टा दोहराउन मा खर्च गर्ने अपेक्षा गरिन्छ।

**अपेक्षित कार्यक्रम शिक्षण परिणाम:**

प्राथमिक I र II ***(CP2101* र *CP2102)***

साधारण प्रश्न सोध्न र जवाफ दिन, न्यूनतम अर्थ व्यक्त गर्न र धेरै सिमित संख्यामा तत्काल आवश्यकताहरु पूरा गर्न सक्षम हुने।

अपेक्षित बोल्ने र सुन्ने शिक्षण परिणामहरु:

- दैनिक कुराकानीहरूमा वाक्य स्तरमा चयन गरिएको शब्दावली बस्तुहरु र व्याकरण बिन्दुहरु समावेश भएका उच्चारणहरूलाई बुझ्न र जवाफ दिन सक्ने क्षमता।
- उपयुक्त प्रयोगका साथ दैनिक कुराकानीहरूमा वाक्य स्तरमा चयन गरिएका शब्दावली बस्तुहरु र व्याकरणीय ढाँचाहरु लागू गर्न सक्ने क्षमता।

मध्ययम I र II ***(CP2103* र *CP2104)***

अनुमानित विषयहरूमा साधारण संवादहरुमा भाग लिन, प्रश्न सोधेर र जवाफ दिएर जानकारी प्राप्त गर्न, व्यक्तिगत अर्थहरू संप्रेषित गर्न सिकेका सामग्रीहरू संयोजन गर्न, र आधारभूत व्यक्तिगत आवश्यकताहरू र सामाजिक मागहरू पूरा गर्न सक्षम हुने।

अपेक्षित बोल्ने र सुन्ने शिक्षण परिणामहरु:

- दैनिक वार्तालापहरूमा वाक्य स्तरमा चयन गरिएका शब्दावली बस्तुहरू र व्याकरण बिन्दुहरू समावेश गरिएका उच्चारणहरूलाई बुझ्न र जवाफ दिन सक्ने क्षमता।

- उपयुक्त प्रयोगको साथ दैनिक कुराकानीहरूमा वाक्य स्तरमा चयन गरिएका शब्दावली बस्तुहरू र व्याकरणीय ढाँचाहरू लागू गर्ने सक्ने क्षमता।
- अनुमानित विषयहरूमा साधारण कुराकानीमा भाग लिन, प्रश्न सोधेर र जवाफ दिएर जानकारी प्राप्त गर्न, व्यक्तिगत अर्थहरू संप्रेषित गर्न सिकेका सामग्रीहरू संयोजन गर्न, र आधारभूत व्यक्तिगत आवश्यकताहरू र सामाजिक मागहरू पूरा गर्न सक्षम।

**योजना A**

| | | |
|---|---|---|
| **मोड्युल 1 (CP2101)**<br>**प्राथमिक क्यान्टोनिज ।** | क्यान्टोनिज ध्वनि र स्वरहरुको परिचय ।<br>शिर्षकहरु: अभिवादन, विद्यालमा, समय र मिति, एक किनमेलको दिन | 40 |
| **मोड्युल 2 (CP2102)**<br>**प्राथमिक क्यान्टोनिज ॥** | वाक्य संरचना , क्यान्टोनिज ध्वनि र स्वरहरु दोहोराउने।<br>शिर्षकहरु: रुचिको बारेमा कुरा गर्ने, स्थान बताउने, मेरो परिवारलाई भेट्ने, हंग कंग को वरिपरि भ्रमण, अफिसमा | 40 |
| | कूल सम्पर्क घण्टा | 80 |

**योजना B**

| | | |
|---|---|---|
| **मोड्युल 1 (CP2103)**<br>**मध्यवर्ती क्यान्टोनिज ।** | वाक्य संरचना , क्यान्टोनिज ध्वनि र स्वरहरु दोहोराउने।<br>शिर्षकहरु: बाहिर रात्रीको खाना खाने, मानिसहरूको वर्णन गर्ने, रमाइलो गर्ने, वरपर किनमेल गर्ने, डाक्टरलाई भेट्ने। | 40 |
| **मोड्युल 2 (CP2104)**<br>**मध्यवर्ती क्यान्टोनिज ॥** | वाक्य संरचना , क्यान्टोनिज ध्वनि र स्वरहरु दोहोराउने।<br>शिर्षकहरु: संचारको बारेमा कुरा गर्ने, कामकाजी जीवन, विदेश जाने, नयाँ घरमा सर्ने, म सानो छँदा। | 40 |
| | कूल सम्पर्क घण्टा | 80 |

**SCOLAR प्रतिपूर्तिको आवश्यकता**

- अध्ययन शुरु हुनु अघि आवेदन प्रक्रिया पुरा भएको र SCOLAR कार्यक्रमको स्वीकृति पुष्टिकरण प्राप्त गरेको;
- तोकिएको **CP2101** र **CP2102** मोड्युलहरु, वा **CP2103** र **CP2104** मोड्युलहरु पूरा गरेको । अन्य कुनै मोड्युलहरु स्वीकारिने छैन। विद्यार्थीहरू जसले एक मात्र मोड्युल पूरा गरेका छन् वा CP2102 वा CP2104 बाट कार्यक्रम सुरु गरेका छन् भने उनीहरु ट्यूशन प्रतिपूर्तिको लागि योग्य हुने छैनन्।
- 'पास' ग्रेड प्राप्त गरेको **वा** प्रत्येक अध्ययन मोड्युलहरुमा कम्तिमा 80% उपस्थिति भएको
- विद्यार्थीहरूले तोकिएको तालिका अनुसार दोस्रो मोड्युल लिनुपर्छ र सेप्टेम्बर २०२३ सम्ममा पूरा गर्नुपर्छ। पाठ्यक्रम परिवर्तनका लागि आवेदनहरू अन्य पाठ्यक्रमहरू पूर्ण नभएमा मात्र विचार गरिनेछ।

**CUHK पुरस्कारको आवश्यकता**

- प्रत्येक मोड्युल/ पाठ्यक्रममा सन्तोषजनक मूल्यांकन र
- प्रत्येक मोड्युल/ पाठ्यक्रममा न्युनतम 70% उपस्थित दर

